# टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ०२ संख्या: ०२ मिति: जेठ २१, २०७५

पहिलो संसोधन मिति: बैशाष १९, २०७६

दोश्रो संसोधन मिति:आषाढ ०८, २०७७

तेश्रो संसोधन मिति: पौष १८, २०७९

चौथो संसोधन मिति: पौष २६, २०७९


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को छ (१०) बमोजिम टोखा नगरपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग-२

## टोखा नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

प्रस्तावनाः स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्दश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी टोखा नगरपालिकाले यो कार्यविधि जारी गरेको छ।



(१) **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

**(२) नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था:** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्र – को लागि यस टोखा नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -५ बमोजिमको योग्यता भए/नभएको सम्बन्धमा सिभिल ईन्जिनियर सहित सदस्य भएको समितिबाट जाँचबुझ गराउनु पर्नेछ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिश सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिश सहित न्यूनतम योग्यता पुगेको निर्माण व्यवसायी फर्म/ कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

∂(५) ........

**(३) इजाजतपत्रको अवधि र नवीकरण:** (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा । व्यवस्था भएको अवस्थामा बाहेक चालू आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ।

∂ चौथो संसोधनद्वारा हटाईएको

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/ प्रदेश / स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्बन्धित नगरपालिकाबाट अनुसूची-२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न नगरपालिका बाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ ।

(४) **इजाजतपत्रको खारेजी**: (१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :–

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरको सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा ।



(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

♦**(५क) इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था**: कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

∇(५ख) ईजाजतपत्रको नामसारी सम्बन्धी व्यवस्था: कुनै इजाजतपत्रको किनबेच, इजाजतपत्रवालाको मृत्यू वा अन्य कारणले इजाजतपत्रको नामसारी गर्नुपरेमा घरेलु तथा साना उद्योग कार्यालय बाट नामसारी प्रमाणित भई आएको पत्र तथा शेयर धनी परिवर्तन गरिएको पत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालय बाट नामसारी भई सम्बन्धीत फर्मको नयाँ प्रोपराईटरको फोटो टाँस भई आएको प्रमाण पत्र तथा कम्पनी रजिष्टार कार्यालय बाट शेयरलगत कट्टा सहितको सेयर वालाको दर्ता किताबको पाना को प्रतिलिपि समेत संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ र यसरी निवेदन प्राप्त हुन आएमा अनुसूची २ बमोजिमको दस्तुर लिई कार्यालयले नामसारी सहितको इजाजतपत्र प्रदान गर्नेछ ।

∇(५ग) ईजाजतपत्रको ठाउँसारी सम्बन्धी व्यवस्था: कुनै इजाजतपत्रको ठेगाना परिवर्तन भई इजाजतपत्रको ठाउँसारी गर्नुपरेमा “घरेलु तथा साना उद्योग कार्यालयबाट साविकको

♦ पहिलो संसोधनद्वारा संसोधित

∇ पहिलो संसोधनद्वारा थप

ठेगाना तथा हाल कायम हुने ठेगाना उल्लेख गरिएको ठेगाना परिवर्तन गरिएको पत्र, आन्तरिक राजस्व कार्यालय बाट ठेगाना परिवर्तन गरिएको प्रमाण पत्र तथा कम्पनी रजिष्टार कार्यालय बाट कम्पनी अद्यावधिक तथा रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन सहितको प्रवन्ध पत्र तथा नियमावलीमा भएको संशोधनको अभिलेख गरिएको पत्रको प्रतिलिपि समेत संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ र यसरी निवेदन प्राप्त हुन आएमा अनुसूची २ बमोजिमको दस्तुर लिई कार्यालयले ठाउँसारी सहितको इजाजतपत्र प्रदान गर्नेछ।

[∇](५घ) निर्माण व्यवसायीको नाम परिवर्तन सम्बन्धी व्यवस्था: कुनै निर्माण व्यवसायीको नाम परिवर्तन गर्नु परेमा "घरेलु तथा साना उद्योग कार्यालय वाटनाम परिवर्तन गरिएको पत्र, आन्तरिक राजस्व कार्यालय बाट नाम परिवर्तन गरिएको प्रमाण पत्र तथा कम्पनी रजिष्टार कार्यालय बाट कम्पनीको नाम परिवर्तन सहितको प्रबन्ध पत्र तथा नियमावलीमा भएको संशोधनको अभिलेख गरिएको पत्रको प्रतिलिपि समेत संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ र यसरी निवेदन प्राप्त हुन आएमा अनुसूची २ बमोजिमको दस्तुर लिई कार्यालयले ठाउँसारी सहितको इजाजतपत्र प्रदान गर्नेछ।

**(६) प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**(७) बचाउ:** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिने छ।

---

∇ पहिलो संसोधनद्वारा थप

## अनुसूची-१

(कार्यविधि को दफा २ को उपदफा (१) संग सम्बन्धित)

# इजाजतपत्रको लागि दिईने दरखास्त

दरखास्तवालाको फोटो

विषय : इजाजतपत्र पाउं भन्ने बारे ।

श्री टोखा नगर कार्यपालिकाको कार्यालय,

.....................................।

यस नगर कार्यपालिकाको कार्यालयको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलीफोन नं. :- फ्याक्स नं :- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकुति :–

☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी

☐ एकलौटी ☐ साझेदारी

(कोष्ठमा रेजा लगाउने)



३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :-

नाम :-

ठेगाना :- पोष्ट बक्स :-

टेलिफोन नं.:- फ्याक्स नं :- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :- दर्ता मिति :

अधिकृत पूजी :- जारी पूंजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- "घ" वर्ग

६. समुहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तिय संस्था, बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मन्जुरीनामा पेश गर्नु पर्नेछ ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनि मेकानिकल ईञ्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.



१२. सञ्चालक वा शेयरधनीको तिन पुस्ते विवरण :–

| सि.नं. | नाम, थर | बतन | सम्पर्क नं. | लगानीको हिस्सा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

यस दरखास्त फारममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक सांचो छ । झुट्ठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको:-

दस्तखत :-

मिति :-

**द्रष्टव्य :** यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्ने सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

# अनुसूची - २

(कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

| क.सं. | निर्माण व्यवसायीको वर्ग | नयां इजाजतपत्र दस्तुर | इजाजतपत्र नविकरण दस्तुर (श्रावण–असोज) | इजाजतपत्र नविकरण थप दस्तुर ( कार्तिक–चैत्र मसान्तसम्म, त्यसपछि नभएकोमा स्वतः खारेज) | इजाजतपत्र नामसारी दस्तुर | इजाजत पत्र प्रतिलिपि, ठाँउसारी, शेयरहेल्डर थप/घट दस्तुर | नाम परिवर्तन | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | “घ” | १०,०००।- | २,०००।- | ४,०००।- | १०,०००।- | २,०००।- | २,०००।- | |

**द्रष्टव्यः–** “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ।



# अनुसूची-३

(कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) संग सम्बन्धित)

## इजाजतपत्र

ईजाजतपत्र नं.: ............ मिति :-...............

टोखा नगरपालिका,

नगर.कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाण्डौं ।

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०.......को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न .............स्थित कार्यालय भएको................फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

ईजाजतपत्र दिनेको :-

“घ” वर्ग

दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालयको छाप

कार्यालय :-

नवीकरण :-

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसूची-४

(कार्यविधि को दफा ३ को उपदफा (२) संग सम्बन्धित)

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पास बुक)

| क्र. स. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रम को नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारी को विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण ( यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम: | क) नाम: | क) थप समय : | क) Variation पछिको Contract Amount | क) सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम: | |
| | | | | | .......... | ......... | | | ...... | ........ | |
| | | | | | ख)सम्झौता मिति: | ख) पद: | क) नाम: | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम: | ख) सम्पन्न मिति: | ख) सम्पन्न मिति: | |
| | | | | | ........... | ............ | .......... | ......... | ....... | ...... | |
| | | | | | ग) ठेक्का अवधि: | ग) हस्ताक्षर: | ख) पद : | ख) पद : | ग) सम्पन्न % | | |
| | | | | | ......... | .......... | ....... | ....... | ........ | | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | घ) नाम | घ) नाम | |
| | | | | | | | घ) निर्णय मिति | घ) छाप | पद : | पद: | |
| | | | | | | | छाप | | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | छाप | छाप | |



## अनुसूची-५

(कार्यविधि को दफा २ को उपदफा (२) संग सम्बन्धित)

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता: प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयांको चालु पुँजी देखाई Ωकम्पनी रजिष्टारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा प्रचलित कानून बमोजिम दर्ता हुनुपर्ने अन्य निकाय भएको हुनु पर्नेछ।

२. मुख्य जनशक्ति विवरण: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा Ωस्नातक तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

**३. मेशीन र उपकरण :**

Φक. ट्रिपर वा ट्र्याक्टर वा मिनी टाटा (एक थान)

Φख. मिक्सचर (एक थान)

ग. थियोडोलाइट/लेभल मेसिन/टोटल स्टेशन (एक थान)

घ. वाटर पम्प (Ωएक थान)

ङ. भाइब्रेटर (Ωएक थान)

च. कम्पनी/फर्मको नाममा रहेको जग्गा/घर भए ♠सम्पति कर तिरेको कागजात वा बहालमा रहेको भए घर बहाल सम्झौता सहित ♠बहाल कर तिरेको कागजात

**द्रष्टव्य:**

१. ३ क र ख मा उल्लेख भएको उपकरण सम्बन्धमा भाडा वा लिजमा लिएको भए ♠कम्तिमा २ बर्षको लागि लिएको प्रमाण पेश गर्नु पर्नेछ। Ωसो बाहेकका उपकरणहरु सम्बन्धित फर्म/कम्पनी स्वयमको स्वामित्वमा भएको प्रमाण पेश गर्नु पर्नेछ। साथै, उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।

Ω तेश्रो संसोधनद्वारा संसोधित

Φ तेश्रो संसोधनद्वारा थप

♠ चौथो संसोधनद्वारा संसोधित

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

**आज्ञाले,**
**प्रमुख प्रशासकीय अधिकृत**

मूल्य रू.: